कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
# डिभिजन वन कार्यालय
खलङ्गा, सल्यान

जनेन्द्र महत
का.मु. डिभिजनल वन अधिकृत

## डिभिजन वन कार्यालय, सल्यानको वार्षिक कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वानको सूचना !!!

### दोस्रो पटक सूचना प्रकाशन मितिः २०८०।१२।०१

यस कार्यालयको तपसिल वमोजिमका चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम संचालनको लागी ईच्छुक सामुदायिक तथा कबुलियती वन समुहहरु/संस्था/सहकारी निजी उद्यमि/फर्म वा जडिबुटी तथा गैरकाष्ठ व्यवसायमा संलग्न किसानबाट व्यवसायिक योजना सहितको प्राविधिक तथा आर्थिक प्रस्ताव यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा आवश्यक कागजात संलग्न राखी प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना दोस्रो पटक प्रकाशित गरिएको छ। प्रस्ताव पेश गर्ने अनुदानग्राही साझेदारी संस्था/सहकारी/समुहहरुमा संचालन हुने कार्यक्रमको हकमा कुल लागतको कम्तिमा ३० प्रतिशत सम्म र निजी, फर्म/उद्यमि/व्यक्तिको हकमा कम्तिमा ५० प्रतिशत सम्म अनुदानग्राहिले लगानी गर्नु पर्नेछ। समय भित्र प्राप्त हुन नआएको वा रीत नपुगेको आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

| सि.नं. | क्रियाकलाप/कार्यक्रमको नाम | प्याकेज | कार्यालयबाट उपलब्ध हुन सक्ने अधिकतम अनुदान रकम रु. (लाखमा) | कैफियत |
|---|---|---|---|---|
| १. | कृषि वन कार्यक्रम | १ (एक) | ५.०० | किसान/व्यक्ति/समुह/सहकारी/संस्था मार्फत प्रस्ताव पेश गर्नुपर्नेछ। |
| २. | पकेट क्षेत्रमा जडिबुटी खेती विस्तार | ४ (चार) | १.७५ | ईच्छुक उधमी/कवुलियति/सामुदायिक वन समुह वा किसान मार्फत प्रस्ताव पेश गर्नुपर्ने। |
| ३. | टिमुर खेति विस्तार संकलन तथा भण्डारण | ६ (छ) | २.५ | वन समुहहरु/सहकारि संस्था/महिला समुहहरु मार्फत प्रस्ताव पेश गर्नुपर्नेछ। |

**पुनश्च** : विस्तृत जानकारीका लागी यस कार्यालयको सुचना पाटी, website :dfosalyan.karnali.gov.np तथा फोन नं ०८८-५२०००८ मा हेर्न वा सम्पर्क गर्नु हुन अनुरोध छ।

Scanned with CamScanner

जीतेन्द्र महत
का.मु. डिभिजनल वन अधिकृत

**शर्तहरु :**

प्रस्तावकले निम्न वमोजिमको कागजात तथा विवरण समेतको व्यवसायिक योजना समेटिएको प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नु पर्नेछ ।

१. प्रस्ताव पेश गर्ने संस्थाको नाम, ठेगाना, संस्थाका प्रमाण पत्रहरु समावेश गरि जडिबुटी उत्पादन, खेती विस्तार तथा उद्दम विकास दिग्दर्शन, २०७७ को अनुसुची-२ वमोजिमको ढाँचामा प्रस्तावना सहितको विस्तृत निवेदन पेश गर्नु पर्नेछ ।

२. प्रस्तावकले पेश गर्ने संस्थाको आर्थिक र प्राविधिक प्रस्तावमा निम्न विवरण पेश गर्नुपर्नेछ ।

क. निजी जग्गामा खेती गरिने भए खेती गरिने जग्गाको जग्गाधनी प्रमाणपुर्जा वा मन्जुरीनामा, तिरो तिरेको रसिदको प्रतिलिपि तथा क्षेत्रफल खुल्ने नक्शा सहितको विवरण र नागरिकताको प्रतिलिपि ।

ख. सहकारी/कवुलियति/सामुदायिक वन समुहहरुको हकमा समुहको निर्णयको प्रतिलिपि र गत आ.व. को लेखा परिक्षण प्रतिवेदन र दर्ताको प्रमाणपत्र ।

ग. निजि फर्मको हकमा दर्ता, नविकरण र कर चुक्ताको प्रमाण पत्र ।

घ. प्रस्तावित क्रियाकलापहरु बाट लाभान्वित घरधुरी र सिर्जना हुने रोजगारी (श्रमदिन)

ङ. दिर्घकालिन जगेर्ना विधी ।

च. कार्यक्रम/क्रियाकलाप संचालन गर्न लाग्ने समय

छ. वातावरणिय प्रभाव तथा जन सहभागिता

ज. लाभपप्रद व्यवसायिक योजना

झ. कार्यक्रमको नविनता तथा श्रृजनशिलता

३. अन्य क्षेत्र वाट अनुदान प्राप्त भए/नभएको सो:घोषण ।

४.सार्वजनिक खरिद अनुगमन कार्यालयको कालो सुचिमा राखेका व्यक्ति फर्म संस्था,र सहकारीले सहभागि हुन पाउने छैनन ।

५. **पकेट क्षेत्रमा जडिबुटी खेति विस्तार:** यस कार्यक्रम अर्न्तगत एउटै प्रजातिको जडिवुटि धेरै मात्रामा उत्पादन गर्नको लागी ईच्छुक उधमि/किसान,सामुदायिक/कवुलियति वन समुह, तथा वैदेशिक रोजगारिवाट फर्किएका युवाहरुले प्रस्ताव पेश गर्नपर्नेछ ।

६. **टिमुर खेति विस्तार संकलन तथा भण्डारण :** जिल्लामा टिमुर खेति तथा उद्योग संचालन गर्ने वन समुहहरु/सहकारि संस्था/ मार्फत टिमुर खेति विस्तार, टिमुर खेति संकलन भण्डारण तथा प्रशोधनका लागि आवश्यक प्रविधि लेवलिङ्ग र प्याकेजिङ्ग मेसिन खरिदका लागि टिमुर खेति तथा उद्योग संचालन गर्ने वन समुहहरु/सहकारि संस्था/महिला समुहहरु मार्फत प्रस्ताव पेश गर्नुपर्नेछ ।

७. **कृषि वन कार्यक्रम** : किसान/व्यक्ति/समुह/सहकारी/संस्था मार्फत रुख प्रजातिका विरुवा, रुखजन्य फलफुल प्रजातिका विरुवा तथा जडिवुटि रोपण, डालेघाँस रोपणको लागि प्रस्ताव पेश गर्नुपर्नेछ ।

८. कार्य संचालन गर्न यस कार्यालय संग गरिने सम्झौता अनुसार प्रथम किस्तामा ४०% दोस्रो किस्तामा ३०% र अन्तिम कार्य सम्पन्न प्रतिवेदन प्राप्त भए पश्चात बाँकी ३०% रकम अनुदान स्वरुप भुक्तानी गरिनेछ ।

९. अनुदान प्राप्त संस्था/सहकारी/समुह/फर्म/उद्यमि/व्यक्ति छनौट भई नगद अनुदान प्राप्त गरी लगेकोमा सम्झौता वमोजिमको कार्य तोकिएको समय भित्र सम्पन्न नभएमा त्यस्तो रकम सरकारी बाँकी रकम सरह असुल उपर गरिनेछ ।

१०. अन्य कुराको हकमा प्रचलित कानुन वमोजिम हनेछ ।

Scanned with CamScanner